
FIFA WORLD CUP Qatar2022



सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली।

प्रकृतिका कोटी-कोटी सम्पदाको आंचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल।

*नेपालीका लागि नेपाली FOR NEPALI BY NEPALI*

# गैर आवासिय नेपाली संघ

## NON- RESIDENT NEPALI ASSOCIATION

## राष्ट्रिय समन्वय परिषद् कतार

# आर्थिक प्रतिवेदन

(लेखापरिक्षण सहित )

( मिति १ सेप्टेम्बर २०१९ देखि २० अप्रिल २०२१ सम्म )

प्रस्तुतकर्ता: श्री बिनोद प्रसाद बसौला
कोषाध्यक्ष-NRAN-NCC, QATAR

**गैरआवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको तेस्रो परिषद् भेला तथा अन्तिम बार्षिक भेलाको अध्यक्षता गरिरहनु भएका अध्यक्षज्यू, यस परिषद् भेलाका प्रमुख अतिथी कतारवासी हामी सम्पुर्ण नेपाली हरुको अभिभावक महामहिम राजदुत डा. नारदनाथ भारद्वाज ज्यु, भेलाका बिशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु र एनसिसी कतारका पञ्जिकृत सदस्यज्यूहरुमा न्यानो अभिवादन सहित हार्दिक नमस्कार ।**

आज हामि भिन्न परिबेशमा गैरआवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको तेस्रो परिषद् भेला तथा अन्तिम बार्षिक भेलामा उपश्थित भएका छौं । कोभिड-१९ को महामारीबाट बिश्वनै आक्रान्त भएको परिबेशमा आज हामी प्रबिधि मैत्रि भर्चुअल जुम मार्फत भेलामा उपश्थित भएका छौं । यस महामारीबाट दिवगंत हुनुभएका सम्पूर्ण नेपाली तथा बिदेशी नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु र यसबाट संक्रमित सम्पूर्ण नागरिकहरुमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु साथै यस महामारीबाट सतर्कता अपनाउन स्थानिय नियम कानुनको अनिबार्य पालन गर्नपनि हार्दिक अनुरोध गर्दछु ।

आदाणीय भेलामा उपश्थित पञ्जिकृत सदस्यज्यूहरु,

यहाहरुको असिम माया र सदभाबका कारण गैरआवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको कार्यसमिति २०१९-२०२१ कार्यकालका लागि यहाहरुले दिनुभएको कोषाध्यक्षको जिम्मेवारी प्रति पुन: यहाहरुमा हार्दिक धन्यबाद ब्यक्त गर्दै आजको यस बार्षिक भेलामा संस्थाको आर्थिक प्रतिबेदन प्रस्तुत गर्न पाउदा संस्थागत जिम्मेवारी पुरा गरिरहेको महसुस गरिरहेको छु ।

मिति ३० अगष्ट २०१९ मा निर्बाचित कार्यसमितिको कोषाध्यक्षको सपथ ग्रहण लिए पछि संस्थामा भएको आम्दानी र खर्चलाई चुस्त-दुरुस्तका साथै पारदर्शि ढंगले लेखा राखि संस्थाको हालसम्मको आय ब्ययको बिवरणलाई समेटि यो आर्थिक प्रतिबेदन तयार पारेको छु।

मैले कोषाध्यक्षको जिम्मेवारी लिईरहदा करि १,८४,९१२ ।०० (अक्षरेपी एक लाख चौरासी हजार नौ सय बार्ह) बुझेकोमा हाल संस्थामा करि १, ४६, २५५ ।०० (अक्षरेपी एक लाख छ्यालिस हजार दुइ सय पचपन्न) नगद मौज्दात रहेको यहाहरुमा जानकारी गराउदै बिस्तृत आर्थिक बिवरण प्रतिबेदनमा उल्लेख रहेका जानकारी गराउन चाहान्छु ।

आदाणीय पञ्जिकृत सदस्यज्यूहरु,

प्रस्तुत अर्थिक प्रतिबेदन लेखा समितिबाट लेखा परिक्षण गराई कार्यसमितिको नवौं पुर्ण बैठकबाट सर्बसम्मत अनुमोदन गराई यहाहरु समक्ष अनुमोदनका लागि प्रस्तुत गर्न अनुमति चाहान्छु ।

------------------------ प्रतिबेदनको पुर्ण पाठ ------------------------

## विषय सूचि


| सि नं. | क्र.सं | पेज नं. |
|---|---|---|
| १ | लेखा समितिको प्रतिबेदन | १-२ |
| २ | आम्दानी हिसाब बिवरण | ३ |
| ३ | खर्च हिसाब बिवरण | ४-५ |
| ४ | बासलात | ६ |
| ५ | मासिक नगद प्रवाह बिवरण | ७ |
| ६ | अनुसूचि | ८ -१० |
| ७ | आइसिसी परियोजना आर्थीक बिवरण | ११ -१४ |

# लेखासमितिको प्रतिवेदन

मिति : २० अप्रिल २०२१

**श्रीमान अध्यक्षज्यू**
गैरआवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार

NRNA- NCC कतारको कार्यकाल २०१९-२१ लेखासमितिको लेखापरिक्षण प्रतिवेदन ।

गैरआवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको यसै साथ संलग्न २० अप्रिल २०२१ सम्मको वासलात, सोही मितिमा समाप्त आय व्यय विवरण र मासिक नगद मौज्दात विवरणको लेखापरिक्षण गरी प्रतिवेदन पेश गरेका छौं ।

हामीले लेखापरीक्षणको सन्दर्भमा आवश्यक ठानी सोधनी गरेका कुराहरुको जवाफ सन्तोषजनक रुपमा पायौं ।

संस्थाले आफ्नो श्रेस्ता तथा हिसाव किताव मासिक रुपमा जानकारी हुने गरी सरल तरिकाबाट राखेको र संस्थाबाट प्राप्त विवरणहरु लेखापरीक्षणका निमित्त पर्याप्त छन् ।

यस संस्थाका कार्यसमितिका पदाधिकारी, सदस्य, विभिन्न उप–समितिका पदाधिकारी तथा सदस्यहरु र लेखापरिक्षकलाई कुनै पनि पारिश्रमीक, तलब एवं बैठक भत्ता दिने गरेको पाईएन । यसको सट्टा संस्थाका कार्यसमितिका पदाधिकारीहरु अन्य कार्यक्रममा सहभागि भए वापत प्राप्त रकम समेत यस संस्थामा जम्मा भए गरेको पाईयो ।

हाम्रो रायमा संलग्न आर्थिक विवरणले सारभूत रुपमा यथार्थ चित्रण गर्दछ । यसै साथ संलग्न प्रतिवेदन यसको अभिन्न अंग रहेको छ ।



गैरआवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको विधानको परिच्छेद ८ को दफा ३२.६ एवं आर्थिक नियमावली २०१७ को परिच्छेद ५ को दफा ११ र १२ ले निर्देशित गरे बमोजिम हामीले परिक्षण गरेका वित्तिय विवरणहरु उपर थप राय निम्न छन् :

१) वासलात, आम्दानी खर्च हिसाब र नगद प्रवाह विवरण लेखाको मान्यता अनुसार तयार भएका छन् । प्रस्तुत वित्तिय विवरणहरु संस्थाले राखेको हिसाब किताबसंग दुरुस्त छन् ।
२) हामीले परिक्षण गरेका श्रेस्ताहरुबाट संस्थाका पदाधिकारी तथा कार्यसमितिका कुनै पनि सदस्यबाट संस्थाको आर्थिक कारोबारमा अनियमितता भए गरेको पाईएन ।
३) हिसाब किताब नियमित हुन पर्ने तथा गर्न सकिने आर्थिक कारोबारको सन्दर्भमा लेवि रकम नियमित हुनु पर्ने देखिन्छ ।
४) संस्थामा असुल उपर गर्नु पर्ने वा बेरुजु रकम वासलातबाट प्रष्ट हुन्छ ।
५) आर्थिक नियमावलीलाई पालना गरी आर्थिक अनुशासन कायम राख्न वर्तमान कार्यसमितिबाट प्रयास भएको देखिन्छ, साथै संस्थाको रकम बैंक खातामा जम्मा गर्ने पद्दतीबाट आर्थिक अनुशासन थप प्रभावकारी हुँदै गएको पाईयो ।

| | | |
|---|---|---|
| कविन्द्र कडेल | पुरुषोत्तम लामिछाने | मुखतार आलम |
| (सदस्य-लेखा समिति) | (सदस्य-लेखा समिति) | (संयोजक -लेखा समिति) |

## NRNA-NCC कतार, आम्दानी हिसाब विवरण

(१ सेप्टेम्बर २०१९ देखि २० अप्रिल २०२१ सम्म)

कतारी रियलमा

| क्र.सं | आम्दानी विवरण | दोश्रो भेलाबाट अनुमोदन भएको | दोश्रो भेला देखी हालसम्म | हाल सम्मको जम्मा | अनुसुची |
|---|---|---|---|---|---|
| १ | निवर्तमान कार्यसमितिबाट हस्तान्तरण | 1,84,912.00 | | 1,84,912.00 | |
| २ | निर्वाचन समिति (२०१९-२० ) बाट हस्तान्तरण | 32,900.00 | | 32,900.00 | |
| ३ | सदस्यता शुल्क (निर्वाचन पस्चात खुल्ला गरिएको सदस्यता शुल्क ) | 4,180.00 | | 4,180.00 | |
| ४ | विभिन्न कार्यक्रम आयोजनाको लागी सहयोग प्राप्त रकम | 20,122.00 | | 20,122.00 | |
| ५ | कतार नेशनल डे 2019 मा सास्कृतिक कार्यक्रम प्रस्तुती साथै खालिफा स्टेडियममा नेपाली कलाकारले गरेको सास्कृतिक प्रस्तुती वापत MOI बाट प्राप्त रकम | 14,500.00 | | 14,500.00 | |
| ६ | भिजिट नेपाल लोगो अंकित टि-सर्ट बिक्री मार्फत प्राप्त रकम | 2,090.00 | | 2,090.00 | |
| ७ | कोरोना भाइरस तथा बाढी पीडित सहयोग कोषमा सहयोग प्राप्त रकम | 33,443.00 | | 33,443.00 | |
| ८ | युवा विभाग कोषमा सहयोग रकम प्राप्त | 2,200.00 | | 2,200.00 | |
| ९ | नेपाली राजदुतावास बाट श्रमिक हरुलाई टिकट सहयोगको निमित्त प्राप्त रकम | 21,345.00 | | 21,345.00 | |
| १० | कार्यसमितिबाट लेभि सकलन | 11,840.00 | 2,960.00 | 14,800.00 | |
| | **जम्मा आम्दानी कतारी रियल** | **3,27,532.00** | | **3,30,492.00** | |

बिनोद प्रसाद बसौला
(कोषाध्यक्ष)

कबिन्द्र कडेल
सदस्य-लेखा समिति

पुरुषोत्तम लामिछाने
(सदस्य-लेखा समिति)

मोहम्मद मुक्दा मुसलमान
(अध्यक्ष)

मुख्तार आलम
(संयोजक -लेखा समिति)



## NRNA-NCC कतार, खर्च हिसाब विवरण

(१ सेप्टेम्बर २०१९ देखि २० अप्रिल २०२१ सम्म)

कतारी रियलमा

| क्र.सं | खर्च विवरण | दोश्रो भेलाबाट अनुमोदन भएको | दोश्रो भेलाबाट हाल सम्म | हाल सम्मको जम्मा | अनुसुची |
|---|---|---|---|---|---|
| १ | निर्वाचन समिति (२०१९-२१) खर्च | 31,481.00 | | 31,481.00 | |
| २ | श्रमिक कल्याणकारी कोष खर्च | 15,892.00 | | 15,892.00 | |
| ३ | NCC स्थापना दिवस कार्यक्रम खर्च | 12,519.00 | | 12,519.00 | |
| ४ | तिज साथै दशै तिहार चाड पर्व कार्यक्रम खर्च | 3,161.00 | | 3,161.00 | |
| ५ | ब्याच्, ब्यानर प्रिन्टिङ, साउन्ड सिस्टम , फोटोग्राफी तथा स्टेशनरी खर्च | 3,202.00 | 878.00 | 4,080.00 | क |
| ६ | ICC लाई बुझाउनु पर्ने, NCC बाट फिर्ता गर्नुपर्ने , सदस्यता शुल्क साथै NCC वेबसाइट नविकरण खर्च | 2,533.00 | 582.00 | 3,115.00 | |
| ७ | सङ्घ संस्था ,NRNA अभियान्ता हरु सँग मिटिङ्ग खर्च | 3,200.00 | 642.00 | 3,842.00 | |
| ८ | टि-सर्ट खरिद तथा भिजिट नेपाल लोगो छपाई खर्च | 4,525.00 | | 4,525.00 | |
| ९ | श्रमिक हरुलाई प्रदान गरिएको टिकट तथा बाटो खर्च सहयोग,कोभिड -१९ तथा बाढिपीडित रकम सहयोग खर्च | 83,290.00 | | 83,290.00 | |
| १० | नेपाली दुतावासमा भिजिट नेपाल हेल्प डेस्क उदघाटन कार्यक्रम खर्च | 3,840.00 | | 3,840.00 | |
| ११ | लक्ष्मी जयन्ती साथै साइबर क्राइम कार्यक्रम खर्च | 691.00 | | 691.00 | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | कार्यसमिति तथा सचिवालय बैठक | 2,194.00 | 325.00 | 2,519.00 | |
| १३ | दोस्रो परिषद भेला खर्च | | 1,883.00 | 1,883.00 | ख |
| १४ | सास्कृतिक प्रस्तुती बापत विभिन्न सस्था हरुलाई नगद प्रदान | | 13,000.00 | 1,3000.00 | ग |
| १५ | अन्तिम परिषद भेलाको लागी प्राविधिक खर्च | | 399.00 | 399.00 | |
| | जम्मा खर्च | 1,66,528.00 | 17,709.00 | 1,84.237.00 | |
| | बचत (हिसाब - खर्च भन्दा आम्दानी बढी ) | | | 1,46,255.00 | |

बिनोद प्रसाद बसौला
(कोषाध्यक्ष)

मोहम्मद मुक्तदा मुसलमान
(अध्यक्ष)

कबिन्द्र कडेल
(सदस्य-लेखा समिति)

पुरुषोत्तम लामिछाने
(सदस्य-लेखा समिति)

मुख्तार आलम
(संयोजक -लेखा समिति)



# वासलात [BALANCE SHEET ]

## NRNA NCC QATAR

### BALANCE SHEET AS OF 20 APRIL 2021

कतारी रियलमा

| पूंजी तथा दायित्व | जम्मा रकम | सम्पत्ती तथा जायजेथा | जम्मा रकम |
|---|---|---|---|
| संचित कोष रकम | 1,46,255.00 | बैंक मौज्दात - कमर्सियल बैंक अफ कतार (CBQ ) | 129,357.00 |
| | | नगद मौज्दात - Petty Cash | 6,524.00 |
| | | श्रमिक कल्याणकारी कोष | 8,324.00 |
| | | उठ्न बांकी रकम ( अनुसूचि घ ) | 2,050.00 |
| जम्मा | 146,255.00 | जम्मा | 1,46,255.00 |

बिनोद प्रसाद बसौला
(कोषाध्यक्ष)

मोहम्मद मुक्तदा मुसलमान
(अध्यक्ष)

कबिन्द्र कडेल
(सदस्य-लेखा समिति)

पुरुषोत्तम लामिछाने
(सदस्य-लेखा समिति)

मुख्तार आलम
(संयोजक -लेखा समिति)

## मासिक नगद प्रवाह (CASH FLOW) विवरण

| Month | Income | Expenses | Monthly Balance | Cumulative Balance |
|---|---|---|---|---|
| Aug-19 | 1,84,912.00 | 1,950.00 | 1,82,962.00 | 1,82,962.00 |
| Sep-19 | 37,080.00 | 36,358.00 | 722.00 | 1,83,684.00 |
| Oct-19 | - | 244.00 | (244.00) | 1,83,440.00 |
| Nov-19 | - | 4,416.00 | (4,416.00) | 1,79,024.00 |
| Dec-19 | 26,500.00 | 16,256.00 | 10,244.00 | 1,89,268.00 |
| Jan-20 | - | 861.00 | (861.00) | 1,88,407.00 |
| Feb-20 | 4,132.00 | 1273.00 | 2,859.00 | 1,91,266.00 |
| Mar-20 | - | - | - | 1,91,266.00 |
| Apr-20 | - | - | - | 1,91,266.00 |
| May-20 | - | - | - | 1,91,266.00 |
| Jun-20 | - | - | - | 1,91,266.00 |
| Jul-20 | 23,545.00 | 1,900.00 | 21,645.00 | 2,12,911.00 |
| Aug-20 | - | - | - | 2,12,911.00 |
| Sep-20 | - | - | - | 2,12,911.00 |
| Oct-20 | 2,090.00 | 4,838.00 | (2,748.00) | 2,10,163.00 |
| Nov-20 | 49,273.00 | 82,540.00 | (33,267.00) | 1,76,896.00 |
| Dec-20 | - | 2,750.00 | (2,750.00) | 1,74,146.00 |
| Jan-21 | - | 550.00 | (550.00) | 1,73,621.00 |
| Feb-21 | - | - | - | 1,73,621.00 |
| Mar-21 | - | 453.00 | (453.00) | 1,73,168.00 |
| Apr-21 | 2,960.00 | 13,981.00 | (11,021.00) | 1,62,147.00 |
| Shramik | - | 15,892.00 | (15,892.00) | 1,46,255.00 |
| **Total** | **3,30,492.00** | **1,84,237.00** | **1,46,255.00** | |

बिनोद प्रसाद बसोला
(कोषाध्यक्ष)

मोहम्मद मुक्तदा मुसलमान
(अध्यक्ष)

कबिन्द्र कडेल
(सदस्य-लेखा समिति)

पुरुषोत्तम लामिछाने,
(सदस्य-लेखा समिति)

मुख्तार आलम
(संयोजक -लेखा समिति)



## अनुसूचिहरु

अनुसूचि क : व्याच, व्यानर पृन्टिङ, फोटोग्राफी साथै अन्य खर्च

| क्र.स | विवरण | रकम |
|---|---|---|
| 1 | नि-शुल्क स्वास्थ्य शिविर -कान्तिपुर मेडिकल सेण्टर,व्यानर पृन्ट | 225.00 |
| 2 | नि-शुल्क स्वास्थ्य शिविर -यसियन मेडिकल सेण्टर ,व्यानर पृन्ट | 200.00 |
| 3 | रास्ट्रीय युवा सम्मेलन कार्यक्रम ,व्यानरपृन्ट (युवा विभाग) | 200.00 |
| 4 | पिउने पानी तथा खाजा खर्च (युवा विभाग) | 133.00 |
| 5 | पृन्टिङ्ग खर्च, (विभिन्न कार्यक्रम) | 120.00 |
| | जम्मा खर्च | **878.00** |

अनुसूचि ख : दोस्रो परिषद भेला खर्च

| क्र.स | विवरण | रकम |
|---|---|---|
| 1 | प्रतिवेदन पृण्टिङ तथा बाइन्डिङ खर्च | 350.00 |
| 2 | खाना खर्च | 592.00 |
| 3 | खानेपानी खर्च | 67.00 |
| 4 | कार्यक्रम व्यानर पृन्टिङ्ग खर्च, | 275.00 |
| 5 | दुतावास सरसफाइ खर्च | 200.00 |
| 6 | प्राविधिक खर्च ( जुम ) | 399.00 |
| | जम्मा खर्च | 1,883.00 |

अनुसूचि ग  NRNA NCC कतारले आयोजना गरेका विभिन्न कार्यक्रममा सास्कृतिक प्रस्तुती दिए वापत उक्त प्रस्तुतिमा सहभागी सस्था हरुलाई प्रदान गरिएको रकम खर्च ।

| क्र .स | सस्थाको नाम | रकम |
|---|---|---|
| 1 | विश्वकर्मा सेवा समाज ,कतार | 1000.00 |
| 2 | प्रवासी तामाङ समाज ,कतार | 1000.00 |
| 3 | रास्ट्रीय लोक तथा दोहोरी गित प्रतिस्ठान,कतार | 1000.00 |
| 4 | प्रवासी मगर समाज ,कतार | 1000.00 |
| 5 | सन्ध्या ग्रुप | 1000.00 |
| 6 | तमु प्लेहु संघ. कतार | 1000.00 |
| 7 | भुजेल सेवा समाज ,कतार | 1000.00 |
| 8 | तमु गुरुङ समाज . कतार | 1000.00 |
| 9 | सुनुवार सेवा समाज , कतार | 1000.00 |
| 10 | तामाङ घेघुङ संघ. कतार | 1000.00 |
| 11 | नेपाली कला केन्द्र | 1000.00 |
| 12 | किरात याक्थुङ चुम्लुङ , कतार | 1000.00 |
| 13 | किरात राई योयोखा | 1000.00 |
| | जम्मा खर्च | 13,000.00 |

अनुसूचि घ : उठन बाकी रकम

| SN | नाम, थर | Amount |
|---|---|---|
| 1 | घनश्याम जैशी | 400.00 |
| 2 | मोहम्मद साकिल अहमद | 280.00 |
| 3 | अब्दुल खालिक सेख | 455.00 |
| 4 | केशव प्रसाद खनाल | 455.00 |
| 5 | सेख अमान्तुहा | 340.00 |
| 6 | सुरेश कुमार मन्डल | 120.00 |
| | जम्मा | 2,050.00 |



अन्तमा यो आर्थिक प्रतिबेदन तयार पार्न सल्लाह सुझाब प्रदान गर्नुहुने कार्यसमितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यज्यूहरु , लेखा समितिका संयोजक श्री मुखतार आलमज्यू लगायत लेखा समितिका सदस्यज्यूहरुमा हार्दिक धन्यबाद ब्यक्त गर्न चाहान्छु ।

प्रस्तुत प्रतिबेदनमा यहाहरुको राय सुझाबको अपेक्षा गर्दै अनुमोदनका लागि हार्दिक अनुरोध गर्दछु ।

धन्यबाद ।

बिनोद प्रसाद बसौला
कोषाध्यक्ष
गैरआवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार